काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २९८ ❐ आइतवार, २४ साउन, २०८३ ❐ Sunday, 9 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णाली राजमार्गमा ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु,



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २३ साउन

दैलेखमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएपछि कर्णाली राजमार्ग ठप्प बनेको छ।

शनिबार बिहान गुराँस गाउँपालिका-२, तल्लोडुङ्गेश्वरमा सुर्खेतबाट कालिकोटतर्फ जाँदै गरेको भे १ ख ३७१० नम्बरको ट्रकले लोहोरे खोलामाथिको पुल क्रस गर्दै गरेको भे १४ प ६७१४ नम्बरको मोटरसाइकललाई च्यापेको थियो।

स्थानीय र प्रहरीको सहयोगमा ट्रकमा च्यापिएका मोटरसाइकल चालक प्रेमबहादुर रोकायाको शव निकालिएको थियो। दुर्घटनास्थल कर्णाली राजमार्गमा पर्दछ।

मृतकका आफन्त नआइपुगेकाले घटनास्थलबाट शव र ट्रक नउठाउँदा सडक अवरुद्ध भएको हो। मृतकका आफन्त आएपछि मात्रै शव उठाउने तयारी प्रहरीले गरेको छ।

प्रहरीका अनुसार कर्णाली राजमार्ग भएर सुर्खेत-कालिकोट-जुम्लालगायतका रुटमा चल्ने सवारीसाधनले वैकल्पिक मार्ग प्रयोग गरेर गन्तव्यतर्फ गइरहेका छन्।

स्थानीय सरकारको ढिलासुस्तीले दैलेखमा लालपूर्जा वितरण प्रभावित, ५० वडाले सूचनासम्म जारी गरेनन्

सरकारले जेठ १९ गते जिल्ला भूमि समस्या समाधान समिति गठन गर्दै दुई सय दिनभित्र समस्या समाधान गर्ने लक्ष्य राखेको थियो, तर समिति गठन भएको दुई महिना बित्दा पनि कामले गति लिएन

❐ काँक्रेविहार संवाददाता
दैलेख, २३ साउन

दैलेखका हजारौँ भूमिहीन दलित, भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीको लालपुर्जा पाउने सपना स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको ढिलासुस्ती तथा लापरवाहीका कारण पुनः अन्योलमा परेको छ। सरकारले निश्चित समयसीमा तोकेर जिल्लामा भूमि समस्या समाधान समिति गठन गरी लालपुर्जा वितरणको प्रक्रिया थाले पनि तल्लो तह वडा र पालिकाबाट हुनुपर्ने प्रारम्भिक र कानुनी प्रक्रियामै उदासीनता देखिएपछि सिङ्गो अभियान नै अलपत्र पर्ने जोखिम बढेको हो। नेपाल सरकारले २०८३ जेठ १९ गते जिल्ला भूमि समस्या समाधान समिति गठन गर्दै भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीका वर्षौं पुराना समस्या दीर्घकालीन रूपमा समाधान गर्न दुई सय दिनको स्पष्ट समयसीमा निर्धारण गरेको थियो। तर समिति गठन भएको दुई महिनाभन्दा बढी समय बितिसक्दा पनि जिल्लाका स्थानीय तहहरूले न्यूनतम दायित्वसमेत पूरा गर्न नसक्दा तोकिएको दुई सय दिनभित्र लक्ष्य हासिल गर्ने सरकारी प्रतिबद्धतामाथि प्रश्न खडा भएको छ।

तीन हजार ६ सय ९९ परिवारलाई मर्का

जिल्ला भूमि समस्या समाधान समितिको

बाँकी पृष्ठ २



अन्तरक्रिया कार्यक्रममा सहभागी आक्रोशित

स्थानीय निकायको यस सुस्त र निराशाजनक कार्यशैलीप्रति गम्भीर चासो व्यक्त गर्दै जिल्ला प्रशासन कार्यालय दैलेखमा 'भूमिहीन दलित र भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने एवं अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नेसम्बन्धी अन्तरक्रिया कार्यक्रम' आयोजना गरिएको थियो। कार्यक्रममा उपस्थित सरोकारवाला, नागरिक समाजका प्रतिनिधि र भूमि अधिकारकर्मीहरूले स्थानीय सरकारको निष्क्रियता र राजनीतिक प्रतिबद्धताको अभावका कारण राज्यको प्राथमिकतामा रहेको राष्ट्रिय अभियान नै असफल हुने दिशामा गएको भन्दै आक्रोश व्यक्त गरे।

कार्यक्रममा जिल्ला भूमि समस्या समाधान समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी आनन्द सारूले स्थानीय तहको भूमिकामाथि गम्भीर प्रश्न उठाए। उनले सरकारले तोकेको दुई सय दिनको कडा समयसीमाभित्र वास्तविक भूमिहीनलाई लालपुर्जा हस्तान्तरण गर्न स्थानीय तहले समयमै सूचना प्रकाशन, लगत प्रमाणीकरण, नापजाँच तथा कानुनी सिफारिसका कार्यहरू पूर्ण गम्भीरताका साथ गर्नुपर्नेमा त्यसो हुन नसकेको स्पष्ट पारे। प्रजिअ सारूले स्थानीय तहले आफ्नो शासकीय दायित्व र जनताप्रतिको उत्तरदायित्व समयमै नबुझे सरकारको लक्ष्य पूरा हुन नसक्ने चेतावनी दिए।

यसैगरी भूमि समस्या समाधान समितिका सदस्यसचिव केशव चौलागाईंले भूमिसम्बन्धी समस्या समाधानको मुख्य जग नै वडा र पालिकास्तरको काम भएको उल्लेख गरे। अधिकांश अधिकार र दायित्व स्थानीय तहमै निहित छ, तर ९० मध्ये ५० वडाले सूचनासम्म जारी नगर्नुले स्थानीय तहमा कामको गति कति सुस्त र निराशाजनक छ भन्ने प्रस्ट पार्छ, चौलागाईंले भने, । जिल्ला समन्वय समिति दैलेखका प्रमुख नमराज शाहीले भूमिहीनको समस्या कुनै एक निकायको मात्र नभई साझा दायित्व भएको बताए। स्थानीय सरकार, कर्मचारी, जनप्रतिनिधि र राजनीतिक दलहरूले व्यक्तिगत र दलीय स्वार्थभन्दा माथि उठेर साझा जिम्मेवारीका साथ तदारुकता देखाएमा अझै पनि तोकिएकै समयभित्र लालपुर्जा वितरण गर्न सकिने धारणा उनले राखे।

किन जारी भएन सूचना ?

जिल्लाभरका ११ वटा स्थानीय तह अन्तर्गत कूल ९० वटा वडाहरू रहेका छन्। भूमिसम्बन्धी ऐन र कार्यविधि अनुसार भूमिहीन तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन र दाबी विरोधका लागि सम्बन्धित वडा कार्यालयले ३५ दिने सार्वजनिक सूचना जारी गर्नु अनिवार्य मानिन्छ।

तर हालसम्म दैलेखका मात्र ४० वटा वडाले मात्र उक्त सूचना प्रकाशन गरेका छन् भने बाँकी ५० वटा वडाले अझैसम्म कुनै सूचना जारी नगरी कानमा तेल हालेर बसेका छन्।

स्थानीय तहको यो गैरजिम्मेवार रवैयाका कारण भूमिहीनको लगत प्रमाणीकरण, जग्गाको प्राविधिक नापजाँच, सिफारिस र अन्तिम रूपमा लालपुर्जा वितरण गर्ने सम्पूर्ण प्रशासनिक प्रक्रिया ठप्प बनेको छ।

वर्षौंदेखि एक टुक्रा जग्गा र आफ्नै नामको रातो लालपुर्जाको पर्खाइमा बसेका सीमान्तकृत, उत्पीडित तथा वास्तविक भूमिहीन परिवारहरू स्थानीय तहको यो ढिलासुस्तीबाट प्रत्यक्ष मारमा परेका छन्।

कर्णालीमा बालक्लबका पूर्वसदस्यहरूको पहिलो भेला सम्पन्नः

सुर्खेत घोषणापत्र जारी गर्दै प्रदेशस्तरीय सञ्जाल गठन



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २३ साउन

बालबालिकाहरूको आवाज पहिचान गर्ने र संस्थागत अभ्यासमा लामो समय सक्रिय रहेका सदस्यहरू संगठित हुँदै सुर्खेतमा बाल क्लब पूर्व सदस्य संजाल गठन गरिएको छ।

सुर्खेतमा आयोजित पूर्व बाल सदस्यहरूको प्रथम भेलाले बालअधिकार, सामाजिक न्याय र रूपान्तरणमुखी विकासमा योगदान पुऱ्याउने उद्देश्यका साथ संजाल गठन गर्दै ऐतिहासिक घोषणापत्र जारी गरेको हो।

सञ्जालको संयोजकमा तेज सोनाम, सह-संयोजकमा अनिता नेपाली र सदस्य सचिवमा सिसिआर कर्णालीलाइ जिम्मेवारी दिएको छ । यस्तै, सदस्यहरूमा हरिकला खड्का, निता भियाल, प्रकाश नेपाली, दीपक डाङ्गी, बाले विश्वकर्मा, रण बहादुर कार्की, जयन्तासुधा खत्री र हरिकाला खड्का छन् ।

तत्कालका लागि प्रत्येक जिल्लाबाट १/१ जना प्रतिनिधि छनोट गरी १० सदस्यीय कार्यसमिति गठन गर्ने र सोही समितिले संयोजक, सचिव तथा कोषाध्यक्षको चयन गर्ने जनाइएको छ।

समितिमा १ जना महिला, १ जना दलित, १ जना जनजाति, १ जना अपाङ्गता भएका व्यक्ति र १ जना लैंगिक अल्पसङ्ख्यकको अनिवार्य प्रतिनिधित्व रहने गरी पूर्ण समावेशी ढाँचा तयार पारिएको छ।

बाल समूहका वर्तमान तथा पूर्व सदस्यहरूलाई एउटै मञ्चमा संगठित गर्दै विगतको अनुभवलाई समाज रूपान्तरणमा उपयोग गर्न यो पहल सुरु गरिएको हो।

संजाललले बालविवाह, छाउपडी, बाँकी पृष्ठ २

सिम्ता र बनगाड कुपिण्डेमा खडेरीका कारण रोपाई प्रभावित

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २३ साउन

लामो समयदेखि पर्याप्त वर्षा नहुँदा सुक्खाग्रस्त बनेको सुर्खेतको सिम्ता गाउँपालिका र सल्यानको बनगाड कुपिन्डे नगरपालिकामा कर्णाली प्रदेश सरकारले गठन गरेको कार्यदलले स्थलगत अनुगमन गरेको छ।

खडेरीका कारण कृषि उत्पादन, खानेपानी र जनजीवनमा परेको प्रभावको अध्ययन गरी आवश्यक सिफारिस गर्न कार्यदल प्रभावित क्षेत्रमा पुगेको हो।

सुर्खेतको सिम्ता र सल्यानको वनगाड कुपिण्डे नगरपालिकामा पुगेर कार्यदलले धान, मकैलगायत बालीको अवस्था, खानेपानीको समस्या तथा



स्थानीयको जनजीवनमा परेको प्रभावबारे जानकारी लिएको छ।

प्रभावित किसानसँग अन्तरक्रिया गर्दै कृषि, पशुपालन र खानेपानी क्षेत्रमा देखिएका समस्याको विवरण पनि संकलन गरिएको छ।

टोलीमा कर्णाली प्रदेशसभा सदस्य तथा पूर्वकृषिमन्त्री भीमप्रकाश शर्मा, कार्यदलका संयोजक तथा कृषि विकास कार्यालय सुर्खेतका प्रमुख चित्र रोकाय सिम्ता गाँउपालिका अध्यक्ष ऐनबहादुर चन्द, वनगाड कुपिण्डे नगरपालिकाका प्रमुख कर्णबहादुर बुढाथोकी, उपप्रमुख पुरुषोत्तम आचार्य, स्थानीय जनप्रतिनिधि, सम्बन्धित निकायका अधिकारी तथा अन्य सरोकारवालाको सहभागिता थियो।

कार्यदलले स्थलगत अध्ययनबाट प्राप्त तथ्य, सुझाव र निष्कर्ष समेटिएको प्रतिवेदन प्रदेश सरकारसमक्ष बुझाउने जनाएको छ।

प्रतिवेदनका आधारमा राहत, पुनर्स्थापना तथा दीर्घकालीन समाधानका कार्यक्रम अघि बढाइने तयारी भएको कार्यदलका संयोजक रोकायले बताए।

अनुगमनका क्रममा सिम्ता गाँउपालिकाका अध्यक्ष चन्दले प्रभावित क्षेत्रमा धान र मकैबालीको वास्तविक अवस्था समेटेर प्रतिवेदन तयार पारिने बताए।

उनले वास्तविक किसानका समस्या सम्बन्धित निकायसम्म पुऱ्याइने उल्लेख गर्दै दीर्घकालीन समाधानका लागि डिप बोरिङमार्फत सिँचाइको व्यवस्था आवश्यक रहेको बताए।

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
आइतवार, २४ साउन, २०८३
Sunday, 9 Aug 2026

सम्पादकीय

किसानको पीडाप्रति राज्य कहिले जाग्ने ?

वन्यजन्तु संरक्षण राज्यको दायित्व हो । बदेल र बाँदर पनि प्रकृतिको हिस्सा हुन् । तर वन्यजन्तु संरक्षणका नाममा किसानलाई आफ्नो खेतबारीबाटै विस्थापित हुने अवस्थामा पुऱ्याउन सकिँदैन । संरक्षण र मानवजीवनबीच सन्तुलन कायम गर्नु राज्यको जिम्मेवारी हो । सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो । तर वर्षौंदेखि एउटै समस्या दोहोरिँदा पनि प्रभावकारी समाधान नआउनु गम्भीर कमजोरी हो । विद्युतीय बार सुरक्षित तारबार, सामूहिक बाली संरक्षण, वन्यजन्तु व्यवस्थापन, क्षतिको यथार्थ मूल्यांकन र आवश्यक क्षतिपूर्तिका कार्यक्रम ल्याउन स्थानीय तहले किन ढिला गरिरहेको छ? प्रदेश र संघीय सरकारको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । समस्या चामुण्डाबिन्द्रासैनी-३ मा मात्र सीमित छैन । वडा नम्बर २ सिरवलदेखि दैलेखका भैरवी गाउँपालिका, ठाँटीकाँध गाउँपालिका, नारायण नगरपालिका लगायतका क्षेत्रमा पनि किसानले यस्तै समस्या भोगिरहेको बताउँछन् ।

यसको अर्थ यो स्थानीय तहको मात्र समस्या होइन, वन्यजन्तु र कृषि व्यवस्थापनसँग जोडिएको व्यापक समस्या हो । अझ गम्भीर कुरा के हो भने लगातारको क्षतिले किसानमा खेतीप्रतिको आकर्षण घट्न सक्छ । किसानले खेती छाडे खेत बाँझिन्छन्, गाउँबाट युवा पलायन हुन्छन् र अन्ततः खाद्य सुरक्षामै असर पर्छ। त्यसैले बदेलले नष्ट गरेको एउटा मकैबारीलाई केवल केही हजार रूपैयाँको क्षतिका रूपमा हेर्नु हुँदैन । त्यसको पछाडि किसानको श्रम, परिवारको जीविका र गाउँको अर्थतन्त्र जोडिएको हुन्छ । सरकारले अब किसानलाई 'वन्यजन्तुबाट आफ्नो बाली आफैँ जोगाऊ भनेर छाड्ने होइन, समाधानको जिम्मेवारी लिनुपर्छ ।

जोखिमयुक्त क्षेत्र पहिचान गरी सुरक्षित तारबार, विद्युतीय बार, सामुदायिक निगरानी, वन्यजन्तु व्यवस्थापन तथा क्षतिपूर्तिको स्पष्ट व्यवस्था गर्नुपर्छ । स्थानीय तहले तत्कालीन राहतसँगै दीर्घकालीन योजना बनाउनुपर्छ । किसानको माग अस्वाभाविक छैन। उनीहरू बदेल मार्न माग गरिरहेका छैनन् । उनीहरू आफ्नो खेतबारी श्रम र परिवारको भविष्य जोगाउन राज्यको साथ खोजिरहेका छन् । अब पनि सरकार मौन बसिरहने हो भने आज बदेलले मकैबारी मात्रै सखाप पारिरहेको देखिएला। भोलि यही समस्या किसानको आशा, गाउँको अर्थतन्त्र र कृषि प्रणाली नै सखाप पार्ने कारण बन्न सक्छ । त्यसैले दैलेखका किसानको रातको जाग्रामलाई सरकारको निद्रा खुलाउने घण्टी बनाइनुपर्छ । किसान रातभरि जाग्राम बसिरहने तर सरकार भने वर्षौंदेखि निदाइरहने अवस्था अब अन्त्य हुनुपर्छ ।

लोकतन्त्रमा राजनीतिक प्रणालीलाई कमजोर पार्ने प्रवृत्तिहरू



✍ उपेन्द्र विश्वकर्मा

लोकतन्त्र आज विश्वभर सबैभन्दा बढी स्वीकार गरिएको राजनीतिक शासन व्यवस्था हो । यसको आधार जनताको सार्वभौमसत्ता, विधिको शासन, स्वतन्त्र तथा निष्पक्ष निर्वाचन, राजनीतिक बहुलवाद, मानव अधिकारको संरक्षण, शक्तिको सन्तुलन, पारदर्शिता र उत्तरदायित्वमा टिकेको हुन्छ । लोकतन्त्रको वास्तविक सफलता भने संविधान र निर्वाचन सम्पन्न हुनुमा मात्र सीमित हुँदैन। लोकतान्त्रिक मूल्य, संस्थागत क्षमता र नागरिकको सक्रिय सहभागिता व्यवहारमा कत्तिको स्थापित छ भन्ने कुराले यसको गुणस्तर निर्धारण गर्छ। रबर्ट डाहल (Robert A. Dahl, 1971) का अनुसार लोकतन्त्रको मूल आधार प्रतिस्पर्धात्मक राजनीति (Public Contestation) र नागरिकको व्यापक सहभागिता (Participation) हो। त्यसैगरी ल्यारी डायमण्ड (Larry Diamond, 2015) ले लोकतन्त्रलाई केवल निर्वाचन सम्पन्न गर्ने प्रक्रिया नभई उत्तरदायी शासन, बलिया सार्वजनिक संस्था र लोकतान्त्रिक संस्कृतिको समष्टिगत परिणामका रूपमा व्याख्या गरेका छन्। तर जब यी आधारहरू कमजोर हुन थाल्छन्, लोकतन्त्र पनि बिस्तारै कमजोर बन्दै जान्छ। पछिल्ला वर्षहरूमा विश्वका धेरै देशमा देखिएको Democratic Backsliding अर्थात् लोकतान्त्रिक क्षयको प्रवृत्ति त्यसैको उदाहरण हो । नेपालको लोकतान्त्रिक अभ्यासमा पनि यस्ता चुनौतीहरू विभिन्न रूपमा देखिएका छन्।

लोकतान्त्रिक प्रणालीलाई कमजोर बनाउने प्रमुख कारणमध्ये राजनीतिक अस्थिरता सबैभन्दा अगाडि पर्छ। सरकारहरू छोटो–छोटो अवधिमा परिवर्तन हुनु, सत्ता समीकरण बारम्बार फेरिनु र दीर्घकालीन नीतिले निरन्तरता नपाउनुजस्ता अवस्थाले शासन प्रणालीमा अनिश्चितता बढाउँछ। विकास आयोजना, आर्थिक नीति र प्रशासनिक सुधारजस्ता विषय पनि राजनीतिक परिवर्तनसँगै प्रभावित हुन्छन्। स्यामुएल पी. हन्टिङ्टन (Samuel P. Huntington, 1968) ले राजनीतिक संस्थाहरू बलिया नभएका समाजमा अस्थिरता बढ्ने सम्भावना बढी हुने उल्लेख गरेका छन्। नेपालमा पनि राजनीतिक अस्थिरताले नीति कार्यान्वयन र विकास प्रक्रियामा उल्लेखनीय असर पारेको अनुभव देखिन्छ।

अर्को गम्भीर समस्या भ्रष्टाचार र दण्डहीनता हो। सार्वजनिक पदलाई व्यक्तिगत फाइदाको माध्यम बनाउने, राज्यको स्रोत–साधनको दुरुपयोग गर्ने वा प्रभावशाली व्यक्तिलाई कानुनी कारबाहीबाट जोगाउने प्रवृत्तिले लोकतन्त्रको नैतिक आधार नै कमजोर बनाउँछ। फ्रान्सिस फुकुयामा (Francis Fukuyama, 2014) का अनुसार प्रभावकारी राज्य, विधिको शासन र उत्तरदायी सरकार लोकतन्त्रका तीन आधारभूत स्तम्भ हुन्। यीमध्ये कुनै एउटा पक्ष कमजोर भयो भने समग्र लोकतान्त्रिक प्रणाली प्रभावित हुन्छ। नेपालमा भ्रष्टाचारसम्बन्धी बहस र सुशासनको चुनौती अहिले पनि लोकतन्त्र सुदृढीकरणसँग प्रत्यक्ष रूपमा जोडिएको विषय बनेको छ।

राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्रको अभाव पनि अर्को महत्वपूर्ण चुनौती हो । लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरू लोकतन्त्रका प्रमुख वाहक मानिन्छन्। तर निर्णय प्रक्रिया सीमित नेताको नियन्त्रणमा रहनु, नेतृत्व परिवर्तन कठिन हुनु, गुटबन्दी बढ्नु तथा योग्यताभन्दा व्यक्तिगत निष्ठालाई प्राथमिकता दिनुले दलहरूको लोकतान्त्रिक चरित्र कमजोर बनाउँछ। दलभित्र लोकतान्त्रिक अभ्यास कमजोर हुँदा त्यसको असर राष्ट्रिय राजनीतिक संस्कृतिमा पनि स्वाभाविक रूपमा देखिन्छ।

त्यसैगरी अवसरवाद र सिद्धान्तहीन राजनीतिले लोकतन्त्रलाई अझ कमजोर बनाउँछ। चुनावअघि एउटा प्रतिबद्धता गर्ने र सत्तामा पुगेपछि त्यसको विपरीत व्यवहार गर्ने, विचारधाराभन्दा सत्तालाई प्राथमिकता दिने वा सार्वजनिक हितभन्दा व्यक्तिगत तथा दलगत स्वार्थलाई अगाडि राख्ने प्रवृत्ति पछिल्लो समय धेरै देशमा देखिएको छ । यस्तो संस्कारले राजनीतिप्रति नागरिकको भरोसा घटाउँछ र लोकतान्त्रिक संस्थाप्रतिको विश्वास पनि क्रमशः कमजोर बनाउँदै लैजान्छ।

संवैधानिक निकाय तथा सार्वजनिक संस्थाहरूको राजनीतिकरण अर्को गम्भीर समस्या हो। न्यायपालिका, निर्वाचन आयोग, अख्तियार, सुरक्षा निकाय र निजामती प्रशासनजस्ता संस्थाहरू स्वतन्त्र र निष्पक्ष रहनुपर्छ। तर राजनीतिक हस्तक्षेप बढ्दै जाँदा ती संस्थाहरूको विश्वसनीयता घट्न थाल्छ। जब संस्थागत स्वायत्तता कमजोर हुन्छ, शक्तिको सन्तुलन पनि बिग्रन्छ र लोकतन्त्रको आधार नै कमजोर हुन पुग्छ।

त्यसैगरी विधिको शासन कमजोर हुनु लोकतन्त्रका लागि दीर्घकालीन चुनौती हो। लोकतान्त्रिक राज्यमा सबै नागरिक कानुनको दृष्टिमा समान हुनुपर्छ। तर कानुनको चयनात्मक प्रयोग, राजनीतिक दबाब वा शक्तिशाली व्यक्तिलाई विशेष व्यवहार गर्ने अभ्यासले न्याय प्रणालीप्रति नागरिकको विश्वास घटाउँछ । विधिको शासन प्रभावकारी नभएसम्म लोकतन्त्र केवल औपचारिक प्रक्रियामा सीमित हुने खतरा रहन्छ।

अभिव्यक्ति स्वतन्त्रता र स्वतन्त्र सञ्चारमाध्यममाथि हुने दबाब पनि लोकतन्त्रका लागि सकारात्मक संकेत होइन । लोकतन्त्रमा सञ्चारमाध्यमले सरकारलाई उत्तरदायी बनाउने, सार्वजनिक नीतिमाथि बहस गर्ने र भ्रष्टाचार उजागर गर्ने महत्वपूर्ण भूमिका खेल्छ । यदि पत्रकार, नागरिक समाज वा आलोचनात्मक आवाजलाई दबाउने प्रयास हुन्छ भने त्यसले लोकतान्त्रिक वातावरणलाई साँघुरो बनाउँछ । स्वस्थ लोकतन्त्रमा आलोचनालाई विरोध होइन, सुधारको अवसरका रूपमा लिन सक्नुपर्छ । लोकतन्त्रको अर्को आधार नागरिक सहभागिता हो । मतदान गर्नु मात्र लोकतन्त्र होइन। सार्वजनिक नीति, स्थानीय शासन, सामाजिक उत्तरदायित्व र विकास प्रक्रियामा नागरिकको निरन्तर सहभागिता आवश्यक हुन्छ । डाहलका अनुसार प्रभावकारी सहभागिता लोकतन्त्रको मूल आधार हो। जब नागरिकहरू सार्वजनिक मामिलाबाट टाढिँदै जान्छन्, निर्णय प्रक्रिया सीमित राजनीतिक समूहको प्रभावमा पर्न थाल्छ, जसले लोकतन्त्रको प्रतिनिधिमूलक चरित्र कमजोर बनाउँछ।

यसका साथै पहिचानको राजनीति, सामाजिक ध्रुवीकरण र असहिष्णुता ले पनि लोकतन्त्रमा नकारात्मक असर पार्छ। जात, धर्म, भाषा वा क्षेत्रका आधारमा समाजलाई विभाजित गर्ने राजनीति अल्पकालीन रूपमा केही राजनीतिक शक्तिका लागि लाभदायक देखिए पनि दीर्घकालमा सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई कमजोर बनाउँछ । लोकतन्त्र प्रतिस्पर्धामा आधारित भए पनि त्यसको आत्मा सहिष्णुता, संवाद र सहकार्यमा निहित हुन्छ।

आर्थिक असमानता, गरिबी र बेरोजगारी ले पनि लोकतान्त्रिक व्यवस्थाप्रतिको विश्वासमा असर पार्छ। जब लोकतन्त्रले नागरिकको जीवनस्तर सुधार गर्न सक्दैन, रोजगारी सिर्जना हुँदैन र विकासका अवसर सीमित वर्गमा केन्द्रित हुन्छन्, तब जनतामा असन्तोष बढ्न थाल्छ । यस्तो अवस्थामा चरमपन्थी वा अलोकतान्त्रिक विकल्पप्रति आकर्षण बढ्ने सम्भावना पनि रहन्छ । त्यसैले समावेशी आर्थिक विकास र सामाजिक न्याय लोकतन्त्रलाई दीर्घकालीन रूपमा बलियो बनाउने आधार हुन्।

पछिल्ला वर्षहरूमा गलत सूचना, दुष्प्रचार र डिजिटल माध्यमको दुरुपयोग पनि लोकतन्त्रका नयाँ चुनौतीका रूपमा देखिएका छन् । सामाजिक सञ्जालमार्फत फैलिने अपुष्ट सूचना, भ्रामक प्रचार र घृणामूलक अभिव्यक्तिले जनमतलाई प्रभावित पार्ने र लोकतान्त्रिक बहसलाई कमजोर बनाउने जोखिम बढाएको छ । त्यसैले डिजिटल साक्षरता, तथ्यमा आधारित बहस र जिम्मेवार सञ्चारको विकास आजको लोकतन्त्रका लागि अत्यन्त आवश्यक भइसकेको छ।

नेपालको लोकतान्त्रिक यात्रामा यी अधिकांश चुनौतीहरू कुनै न कुनै रूपमा देखिएका छन् । राजनीतिक अस्थिरता, गुटबन्दी, भ्रष्टाचार, सार्वजनिक संस्थामाथिको राजनीतिक प्रभाव, कमजोर सुशासन र नागरिकको घट्दो विश्वासले लोकतन्त्रको गुणस्तरमा असर पारेका छन्। तर यसको अर्थ लोकतन्त्र असफल भयो भन्ने होइन । बरु यी कमजोरीहरूलाई सुधार्दै लोकतान्त्रिक संस्थालाई अझ सक्षम, उत्तरदायी र पारदर्शी बनाउनु अहिलेको मुख्य आवश्यकता हो । संविधानको प्रभावकारी कार्यान्वयन, विधिको शासनको सुदृढीकरण, राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्रको अभ्यास, भ्रष्टाचार नियन्त्रण, स्वतन्त्र न्यायपालिका तथा सक्रिय नागरिक सहभागिताले लोकतन्त्रलाई अझ बलियो बनाउन सक्छ।

अन्त्यमा भन्नुपर्दा, लोकतन्त्रलाई कमजोर पार्ने प्रवृत्तिहरू कुनै एक कारणको परिणाम होइनन् । राजनीतिक, आर्थिक, सामाजिक र संस्थागत कमजोरीहरू एकअर्कासँग गाँसिएर यस्ता समस्या उत्पन्न हुन्छन्। त्यसैले लोकतन्त्रलाई केवल निर्वाचनमा सीमित नराखी सुशासन, उत्तरदायित्व, बलिया संस्था, नागरिक स्वतन्त्रता, सामाजिक न्याय र विधिको शासनमा आधारित जीवन्त व्यवस्थाका रूपमा विकास गर्न आवश्यक छ। लोकतान्त्रिक संस्कृतिको विस्तार, संस्थागत सुधार र नागरिक चेतनाको विकास गर्न सकियो भने मात्र लोकतन्त्र दिगो, समावेशी र प्रभावकारी शासन व्यवस्थाका रूपमा स्थापित हुन सक्छ।

(अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विभागमा कार्यरत लेखक मध्यपश्चिम विश्वविद्यालय स्कुल अफ ल का पूर्व निर्देशक हुन्।)

विपद् उद्धारका लागि तीन रबर बोट तयारी

काँक्रेविहार संवाददाता

रूकुमपश्चिम, २३ साउन

मनसुनका समयमा हुन सक्ने बाढी, डुबान तथा नदी, ताल र पोखरीमा हुने जलजन्य विपद्लाई मध्यनजर गर्दै रुकुम पश्चिममा विपद् पूर्वतयारी तथा उद्धार व्यवस्थालाई मजबुत बनाइएको छ। जिल्ला प्रशासन कार्यालयले आवश्यक उद्धार सामग्रीसहित जनशक्तिलाई तयारी अवस्थामा राखिएको जनाएको छ। प्रमुख जिल्ला अधिकारी निशानराज गौतमका अनुसार जिल्लामा हाल तीन वटा रबर बोट उपलब्ध छन्।

बाढी तथा डुबानमा परेका नागरिकको तत्काल उद्धार गर्न सकिने गरी ती बोटलाई तयारी अवस्थामा राखिएको छ। उपलब्ध रबर बोटमध्ये एउटा युएनडिपी नेपाल, अर्को सशस्त्र प्रहरी बल नेपालबाट प्राप्त भएको हो भने तेस्रो बोट जिल्लाका स्थानीय तहहरूको संयुक्त लगानीमा खरिद गरिएको हो। तीमध्ये एउटा रबर बोटमा मोटरसमेत जडान गर्न मिल्ने व्यवस्था छ। यसले तीव्र बहाव भएका नदी तथा दुर्गम जलक्षेत्रमा उद्धार टोलीलाई घटनास्थलसम्म पुग्न सहज हुने प्रशासनको अपेक्षा छ। प्रजिअ गौतमका अनुसार जिल्लामा विपद् पूर्वतयारीलाई प्राथमिकतामा राख्दै खोज तथा उद्धारका लागि आवश्यक सामग्री व्यवस्थापन गरिएको छ। सुरक्षा निकायमा उद्धार सामग्री र जनशक्ति तयारी अवस्थामा राखिएको छ। त्यस्तै, आपत्कालीन कार्य सञ्चालन केन्द्र व्यवस्थापन गरी विपद्सम्बन्धी सूचना एकीकृत गर्ने व्यवस्था मिलाइएको छ भने मनसुन पूर्वतयारी योजना बनाएर कार्यान्वयनमा ल्याइएको छ।

स्थानीय तह, सुरक्षा निकाय तथा सरोकारवाला संस्थाबीच समन्वयलाई प्रभावकारी बनाउँदै विपद् व्यवस्थापनलाई व्यवहारिक र छिटो प्रतिक्रिया दिन सक्ने बनाउने प्रयास भइरहेको उनले बताए।

प्रहरी नायब उपरीक्षक बेदबहादुर पौडेलले रुकुम पश्चिम भौगोलिक रूपमा जोखिमयुक्त जिल्ला भएकाले मनसुनमा बाढी तथा डुबानको सम्भावनालाई ध्यानमा राखेर सुरक्षा जनशक्ति र उद्धार सामग्री तयारी अवस्थामा राखिएको बताए।

सुर्खेत...

समावेशी तथा गुणस्तरीय शिक्षा, बसाइँसराई, अनलाइन सुरक्षा, लागूऔषध दुर्व्यसनी, लैंगिक विभेद, प्रजनन स्वास्थ्य अधिकार, जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरण जस्ता गम्भीर सामाजिक मुद्दाहरूमा एकीकृत रूपमा कार्य गर्ने लक्ष्य राखेको छ।

विश्वभर छरिएर रहेका पूर्व बाल सदस्यहरूलाई सञ्जालकृत गर्दै सरकार, समुदाय र नागरिक समाजको क्षमता अभिवृद्धिमा सहकार्य गर्ने संजालको योजना छ।

यसैगरी बालबालिका तथा युवाहरूको शिक्षा, सीप र उद्यमशीलता विकासमा सहयोग पुऱ्याउनुका साथै आपसी सहयोग प्रणालीमार्फत सदस्यहरूको आवश्यकतामा हातेमालो गरिने घोषणापत्रमा उल्लेख छ।

संजालले पूर्ण रूपमा सदस्यतामा आधारित र लोकतान्त्रिक नीति निर्माण प्रणाली अवलम्बन गर्नेछ। गैर-राजनीतिक तथा धार्मिक तटस्थता कायम राख्दै बाल अधिकार संरक्षणका लागि सरकारी संरचनाहरूसँग निरन्तर सहयोग र समन्वय गरिने संजालले जनाएको छ।

भेलाको अन्त्यमा पूर्व बालक्लब अगुवाहरू खगराज आचार्य, गोरखनाथ आचार्य, जितलाल ढकाल, सुरज्ञ कुमार खड्का, पिताम्बर ढकाल, प्रकाश नेपाली, अनिता नेपाली, क्रान्ति खड्का, हिम उपाध्याय, तारा पौडेल, लिला शाही लगायतका प्रतिनिधिहरूले संयुक्त रूपमा घोषणापत्रमा हस्ताक्षर गरेका छन्।

स्थानीय...

अद्यावधिक तथ्याङ्क अनुसार दैलेखमा जग्गा प्राप्तिका लागि कुल तीन हजार ७५७ वटा निवेदन दर्ता भएका थिए। जसमध्ये प्रारम्भिक छानबिनका क्रममा तोकिएको सरकारी मापदण्ड नपुगेका ५८ वटा निवेदन अस्वीकृत भइसकेका छन्। हाल २ सय ४८ भूमिहीन दलित, ८६ भूमिहीन सुकुमवासी र तीन हजार ३ सय ६५ अव्यवस्थित बसोबासी गरी कुल तीन हजार ६ सय ९९ परिवारको निवेदन प्रक्रियामै अड्किएर बसेको छ। स्थानीय तहले प्रारम्भिक प्रक्रियामै ढिलाइ गरिदिँदा यी हजारौँ परिवार लालपुर्जा पाउने आशैआशामा अनिश्चितताको बन्दी बन्न पुगेका छन्। यदि स्थानीय तहले तत्कालै आफ्नो कार्यशैलीमा सुधार गरी बाँकी ५० वडामा सूचना जारी गर्ने र नापजाँचको काम अघि नबढाउने हो भने दैलेखमा भूमिहीनको समस्या सधैँका लागि बल्झिरहने निश्चित छ।

कपुरकोटमै विशेषज्ञ आँखा सेवा, दुई सय ९० नागरिक लाभान्वित

काँक्रेविहार संवाददाता
सल्यान, २३ साउन

जिल्लाको कपुरकोट गाउँपालिकाका नागरिकले आफ्नै गाउँपालिकामा विशेषज्ञ आँखा स्वास्थ्य सेवा पाएका छन् ।

गाउँपालिकाको आयोजना तथा राप्ती आँखा अस्पताल, तुलसीपुर, दाङको प्राविधिक सहयोगमा सञ्चालित निःशुल्क आँखा शिविरको पहिलो दिन दुई सय ९० जनाले सेवा लिएका छन् ।

वडा नं. पाँच स्थित रिम स्वास्थ्य चौकीमा शुक्रबार सञ्चालन गरिएको शिविरमा एक सय ६९ पुरुष र एक सय २१ महिला गरी दुई सय ९० जनाको आँखा परीक्षण गरिएको गाउँपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

नेत्र सहायक सुरुची बुढाथोकीको नेतृत्वमा आएको प्राविधिक टोलीले



स्थानीयको आँखा परीक्षण तथा आवश्यक परामर्श प्रदान गरेको थियो ।

स्वास्थ्य शाखा प्रमुख सुवास हमालका अनुसार शिविरमा परीक्षण गरिएका मध्ये २६ जनामा मोतिबिन्दुको समस्या पहिचान भएको छ । त्यस्तै, ६० जनालाई आवश्यकता अनुसार निःशुल्क चश्मा वितरण गरिएको छ ।

एक सय ७० जनाको सामान्य आँखा परीक्षण गरिएकोमा जटिल समस्या देखिएका ३४ जनालाई थप उपचारका लागि सम्बन्धित स्वास्थ्य संस्थामा प्रेषण गरिएको हमालले जानकारी दिए ।

शिविर अन्तर्गत शनिबार वडा नं. दुई स्थित गर्पा स्वास्थ्य चौकीमा पनि निःशुल्क आँखा परीक्षण गरिनेछ । दुवै दिनको शिविरमा मोतिबिन्दु पहिचान भएका तथा गाउँपालिकाभित्र रहेका अन्य मोतिबिन्दुका बिरामीका लागि आइतबार साउन २४ गते कपुरकोट आधारभूत अस्पतालमा निःशुल्क शल्यक्रियाको व्यवस्था गरिएको छ ।

शल्यक्रियापछि बिरामीलाई आवश्यक पर्ने कालो चश्मा तथा औषधिसमेत गाउँपालिकाले निःशुल्क उपलब्ध गराउने जनाएको छ । यसअघि सामान्य आँखा परीक्षणदेखि मोतिबिन्दुको शल्यक्रिया सम्मका लागि तुलसीपुर वा जिल्ला बाहिर जानुपर्ने बाध्यता रहेका स्थानीयले गाउँमै विशेषज्ञ सेवा र निःशुल्क उपचार पाएपछि राहत महसुस गरेका छन् ।

गाउँपालिकाले नागरिकलाई घरदैलोमै सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले अभियान सञ्चालन गरेको जनाएको छ ।

स्वास्थ्यकर्मीमाथि हातपात, तीन पक्राउ



काँक्रेविहार संवाददाता
कालीकोट, २३ साउन

जिल्लाको पलाँता गाउँपालिका नौ स्थित पलाँता अस्पतालमा स्वास्थ्यकर्मीमाथि कुटपिट तथा अस्पतालमा तोडफोड गरेको आरोपमा तीन जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय कालीकोटका अनुसार अस्पतालमा कार्यरत चिकित्सक तथा नर्समाथि दुर्व्यवहार, अभद्र व्यवहार र अनधिकृत रूपमा अस्पताल परिसरमा प्रवेश गरी सामान तोडफोड गरेको आरोपमा तीन जनालाई नियन्त्रणमा लिइएको हो ।

प्रहरीका अनुसार शुक्रबार दिउँसो करिब एक बजे १४ र १५ वर्षका एकैघरका दुई किशोर अस्पतालको वाइफाइमा मोबाइल जोडेर ओपीडी नजिकै गेम खेलिरहेका थिए । अस्पताल परिसरमा मोबाइल चलाइरहेका उनीहरूलाई चिकित्सकले बाहिर गएर मोबाइल चलाउन आग्रह गरेपछि विवाद सुरु भएको थियो ।

विवाद बढ्दै गएपछि किशोरका परिवारका अन्य सदस्यसमेत अस्पताल पुगेका थिए । त्यसक्रममा चिकित्सकमाथि हातपात तथा दुर्व्यवहार भएको प्रहरीले जनाएको छ ।

घटनापछि रातिको समयमा पुनः अस्पतालमा प्रवेश गरी तोडफोडसमेत गरिएको प्रहरीको दाबी छ । जिल्ला प्रहरी कार्यालय कालीकोटका सूचना अधिकारी प्रहरी निरीक्षक सुरेश खत्रीका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ । पक्राउ परेकामाथि घटनाको प्रकृति र प्राप्त प्रमाणका आधारमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइने प्रहरीले जनाएको छ ।

स्वास्थ्यकर्मीमाथि भएको भनिएको कुटपिट तथा अस्पताल तोडफोडको घटनाप्रति स्वास्थ्यकर्मी तथा विभिन्न संघसंस्थाले विरोध जनाएका छन् । उनीहरूले स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको सुरक्षा सुनिश्चित गर्दै घटनामा संलग्नमाथि कानुनअनुसार कारबाही गर्न माग गरेका छन् ।

अस्पतालजस्तो संवेदनशील क्षेत्रमा हुने विवाद तथा हिंसात्मक गतिविधिले स्वास्थ्य सेवा प्रभावित हुने भन्दै सम्बन्धित पक्षले संयम अपनाउनुपर्ने स्थानीयको भनाइ छ ।

विद्यालय पूर्वाधारमा ११ करोड बजेट

काँक्रेविहार संवाददाता
जुम्ला, २३ साउन

कर्णाली प्रदेश सरकारले सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक अवस्था सुधार गर्न जुम्लामा चालु आर्थिक वर्षमा करिब ११ करोड रुपैयाँ लगानीमा विभिन्न शैक्षिक पूर्वाधार निर्माण गर्ने भएको छ ।

सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास कार्यालय जुम्लाले जिल्लाका आठवटै स्थानीय तहका २३ सामुदायिक विद्यालयमा भवन, घेराबार, पर्खाल, खेलमैदानलगायतका पूर्वाधार निर्माण गर्न लागेको हो ।

जिल्लाबाट माग भई आएका योजनालाई प्राथमिकताका आधारमा छनोट गरी चालु आर्थिक वर्ष २०८३/०८४ को वार्षिक कार्यक्रममा समावेश गरिएको सामाजिक विकास कार्यालय जुम्लाले जनाएको छ ।

कार्यालयका प्रमुख टोपबहादुर बुढाका अनुसार २३ विद्यालयका लागि उपभोक्ता समितिमार्फत करिब चार करोड ८० लाख रुपैयाँ र ठेक्का प्रक्रियामार्फत करिब छ करोड रुपैयाँ बराबरका शैक्षिक पूर्वाधार निर्माण गरिनेछ । यस अनुसार जिल्लाभर करिब ११ करोड रुपैयाँका योजना कार्यान्वयनमा आउनेछन् ।

छनोट भएका २३ विद्यालयमध्ये २० विद्यालयमा प्रतिविद्यालय २० लाख रुपैयाँका दरले भवन, घेराबार, पर्खाल तथा खेलमैदान निर्माणका योजना रहेका छन् । यस्तै, अन्य तीन



विद्यालयमा एक विद्यालयका लागि ३० लाख र दुई विद्यालयका लागि २५ लाख रुपैयाँका दरले योजना स्वीकृत भएको कार्यालयले जनाएको छ ।

योजना कार्यान्वयनलाई समयमै अघि बढाउन कार्यालयले साउनमै सम्झौता प्रक्रिया सुरु गर्ने तयारी गरेको छ । योजनाको स्थलगत सर्वेक्षण गरी सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वयसमेत गरिसकिएको कार्यालय प्रमुख बुढाले बताए ।

"फिल्डमा पुगेर योजनाको सर्वेसँगै स्थानीय तहसँग समन्वय र सहकार्य गरिसकेका छौं," बुढाले भने, "सर्वेपछि सम्झौताका लागि ३० दिने सूचना आह्वान गरेका छौं । सम्बन्धित विद्यालयले नै योजना तयार गर्ने प्रावधान भएकाले विद्यालयको निर्णय, पालिकाको सिफारिस, लालपुर्जा, बैंक खाता र प्यान नम्बरलगायतका कागजात पेस गर्न अनुरोध गरेका छौं ।"

निर्माणका काम समयमै सम्पन्न गरी विद्यालयलाई आवश्यक भौतिक सुविधा उपलब्ध गराउने लक्ष्य रहेको कार्यालयले जनाएको छ ।

विद्यालयमा सुरक्षित तथा व्यवस्थित भौतिक संरचना निर्माणसँगै खेलकुदका लागि आवश्यक पूर्वाधार विकासमा समेत प्राथमिकता दिइएको छ ।

सामुदायिक विद्यालयप्रति विद्यार्थी तथा अभिभावकको आकर्षण बढाउने उद्देश्यले कर्णाली प्रदेश सरकारले शैक्षिक तथा खेलकुद पूर्वाधारमा लगानी गर्दै आएको छ ।

योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन सम्बन्धित विद्यालय र स्थानीय तहसँगको समन्वयलाई समेत प्राथमिकता दिइएको कार्यालयले जनाएको छ । सामाजिक विकास कार्यालय जुम्लाले भौतिक पूर्वाधार निर्माणसँगै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक बहस, प्रतिभा पहिचान तथा शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धिसम्बन्धी कार्यक्रमलाई समेत निरन्तरता दिँदै आएको छ ।

कार्यालय प्रमुख बुढाका अनुसार भौतिक संरचना निर्माणसँगै निर्माण भएका पूर्वाधारको दिगो व्यवस्थापन र प्रभावकारी उपयोगमा समेत विद्यालय तथा स्थानीय तहलाई जिम्मेवार बनाउने गरी योजना कार्यान्वयन गरिनेछ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

छार्का ताङसोङ गाउँपालिका
ཆྭ་དགའ་སྟེང་མེད་གྲོང་སྡེ་ལྷན་ཚང་
गाउँ कार्यपालिकाको कार्यालय
काग्गकोट, डोल्पा, कर्णाली प्रदेश, नेपाल

अत्यन्त जरूरी अपिल

आदरणीय गाउँवासी दिदीबहिनी तथा दाजुभाइहरू,
वर्षादको समयमा खोला-नालामा बाढी आउने, पहाडी क्षेत्रमा पहिरो खस्ने जस्ता प्राकृतिक विपद्का साथै लामखुट्टेको वंशवृद्धि भई डेङ्गु लगायतका कीटजन्य तथा जलजन्य रोगहरू तीव्र रूपमा फैलने जोखिम बढेको छ । यस्तो प्रतिकूल मौसमको समयमा सम्भावित धनजनको क्षति न्यूनीकरण गर्न र गाउँवासीहरूको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न छार्का ताङसोङ गाउँपालिका निम्नअनुसार सावधानी अपनाउन हार्दिक अनुरोध गर्दछ ।

बाढी तथा पहिरोबाट जोगिन अपनाउनुपर्ने सावधानीहरू
- बाढीको समयमा खोला, नदी, र अप्ठ्यारा जोखिमपूर्ण स्थानहरूमा जाने, माछा मार्ने, काठ सङ्कलन गर्ने वा पौडी खेल्ने काम नगर्नौं ।
- घरको नजिक वा माथिपट्टि पहिरो खस्न सक्ने, जमिन भासिन सक्ने वा भित्तो चर्किएको ठाउँ भए विशेष सावधानी अपनाऔं । जोखिम बढेमा सुरक्षित स्थानमा सरौं ।
- खोलानाला तर्दा वा भेल बाटो काट्दा पूर्ण सुरक्षाको ध्यान दिऔं । भेल बढेको बेला जबर्जस्ती खोला तर्ने प्रयास नगर्नौं ।
- जोखिमपूर्ण मौसममा घरबाहिर अनावश्यक हिँडडुल तथा लामो दूरीको यात्रा नगर्नौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षित स्थानमा राख्न र उहाँहरूको हेरचाहमा पहिलो प्राथमिकता दिऔं ।

डेङ्गु रोगबाट बच्ने विशेष उपायहरू
- वर्षाको समयमा ठाउँ-ठाउँमा पानी जम्ने भएकाले डेङ्गु सार्ने 'एडिज एजिप्टी' जातको लामखुट्टेको जोखिम अत्यधिक हुन्छ । डेङ्गुबाट बच्न "खोज र नष्ट गर" अभियानमा सहभागी बनौं ।
- पानी जम्न नदिऔं । घर, आँगन, कौसी, पुराना टायर, गमला, बोतल, प्लास्टिकका भाँडा, ड्रम, कुलर र ट्याङ्कीमा लामो समयसम्म पानी जम्मा हुन नदिऔं । हप्तामा कम्तीमा एक पटक यस्ता भाँडाहरू सफा गरी सुक्का राखौं ।
- झुलको अनिवार्य प्रयोग : दिउँसो वा राति सुत्दा अनिवार्य रूपमा झुलको प्रयोग गरौं । डेङ्गु सार्ने लामखुट्टेले विशेष गरी दिउँसोको समयमा टोक्ने भएकाले दिउँसो झनै सतर्क रहौं ।
- शरीरका सबै भाग ढाकिने गरी लामो बाहुला भएको लुगा लगाऔं ।
- लामखुट्टेको टोकाइबाट बच्न धुप वा 'मोस्किटो रिपेलेन्ट' (क्रीम) प्रयोग गरौं ।

विशेष सूचना : माथि उल्लेखित लक्षणहरू देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा गई परीक्षण गराऔं । स्वास्थ्यकर्मीको सल्लाहबिना जथाभावी 'पेनाडोल' वा 'प्यारासिटामोल' बाहेक अन्य (जस्तै फ्लेक्सोन, ब्रुफिन आदि) औषधिहरू प्रयोग नगर्नौं ।

सरसफाइ तथा अन्य स्वास्थ्य सावधानीहरू
- वर्षाको समयमा खानेपानीका मुहानहरू दूषित हुने सम्भावना बढी हुने भएकाले खानेपानी सधैं राम्री उबालेर वा छानेर मात्र पिउने गर्नौं ।
- बासी, सडेगलेको वा झिँगा भनभनाएको खाना नखाऔं । सागपात र फलफूल राम्री पखालेर मात्र प्रयोग गरौं ।
- खाना खानुअघि र शौचालयको प्रयोगपछि साबुनपानीले मिचीमिची हात धुने बानी बसालाऔं ।

विद्युतीय तथा भौतिक सुरक्षा
- बाढी वा हावाहुरीका कारण बिजुलीका तार वा खम्बाहरू लड्न सक्ने भएकाले नाङ्गो तार वा विद्युतीय खम्बाको नजिक नजाऔं ।
- घरको छत तथा ढलबाट पानी निकास हुने बाटो खुला र सफा राखौं ।

पूर्वतयारी तथा आपतकालीन व्यवस्थापन
- आपतकालीन अवस्थाका लागि आवश्यक प्राथमिक उपचार सामग्री (औषधि, ब्यान्डेज), टर्चलाइट, रेडियो, ड्राई फुड (सुक्का खानेकुरा), पिउने पानी, महत्त्वपूर्ण कागजातहरू र थप लुगाकपडा एउटा सुरक्षित झोलामा तयार राखौं ।
- सत्य सूचना मात्र आदान-प्रदान गरौं । स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन वा आधिकारिक माध्यमबाट आउने मौसम र विपद् सम्बन्धी जानकारी नियमित रूपमा सुनौं । अफवाहको पछि नलागौं ।
- आफ्नो छरछिमेकमा कोही घाइते, बिरामी वा विपद्मा फसेका भए प्रहरी, स्थानीय प्रशासन वा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त खबर गरी सहयोग गरौं ।

विपद् र रोगव्याधी बाजा बजाएर आउँदैन, सजग र पूर्वतयारी बनौं, आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

रास्वपाका महामन्त्रीको दाबी :

केन्द्रका कार्यक्रम प्रदेश र स्थानीय तहले रोकिरहेका छन्



काँक्रेविहार संवाददाता
काठमाडौं, २३ साउन

रास्वपाका महामन्त्री विपिनकुमार आचार्यले सङ्घीय सरकारले ल्याएका महत्त्वपूर्ण कार्यक्रम लागू गराउन नदिइएको बताएका छन् । रुपन्देहीमा पार्टीको नेतृत्व पदस्थापन तथा पार्टी प्रवेश कार्यक्रममा उनले प्रदेश र स्थानीय तहमा आफ्नो नेतृत्व नहुँदा त्यो समस्या बढी भएको बताएका हुन् ।

'केन्द्र सरकारले गर्न खोजेको कति कुराहरु रोक्न र अफ्ठयारो पार्न खोजिएको छ, त्यो ग्यास, मल वितरण लगायतमा प्रत्यक्ष देखिएको छ, अन्य विषय पनि कार्यान्वयन गर्न सकिएको छैन', उनले भने ।

'रास्वपा स्थापना भएको चार वर्ष भयो । सरकारले सही दिशामा काम गर्छ भन्ने जनतामा विश्वास छ । सरकारले गर्न खोजेका सही कुरा नागरिकमाझ पुर्याउन नसकेका हुन सक्छौं । चार महिनामा सबै कुरा ठीक नहुन पनि सक्छ । अहिले नै हिम्मत हार्नुभएन । यो समयमा सबैभन्दा बढी विश्वास गर्नुपर्छ', उनले भने । ३६ वर्षदेखि बिग्रेको देश बनाउने जिम्मेवारी रास्वपाले पाएको तर, ४ महिनामै त्यो सम्भव नरहेकोले कम्तीमा पाँच वर्ष साथ दिन उनले आग्रह गरे । 'चाँडो नतिजा दिने हिसाबमा गइयो भने २-४ दिन नतिजा दिइएला । तर, त्यो दिगो हुँदैन । दिगो नतिजा बनाउनका लागि देश बलियो बनाउनुपर्छ । अहिले सरकारले देश बलियो बनाउने दिशामा काम गरिरहेको छ', उनले भने ।

२०७९ भन्दा अघिका सरकार बन्दा काण्डैकाण्डका समाचार आए पनि पछिल्लो चार महिनामा एउटा पनि काण्डको समाचार नआएको उनको दावी छ । उनले नागरिकको विश्वासमाथि कहिल्यै कुठाराघात नगर्ने दाबी गर्दै देश बनाउन समय लाग्ने र त्यो समयमा नागरिकको साथ जरुरी रहेको बताए । आचार्यले आफूहरुले गलत गर्दा प्रश्न गर्न आग्रह गरे । 'हामीले गलत गर्दा प्रश्न गर्न नहिचकिचाउनुहोला । तपाईको प्रश्नले हामीलाई बलियो बनाउँछ', उनले भने । सरकारलाई आएको प्रश्न खबरदारीको भएको र ठूलो अपेक्षा भएर प्रश्न भएको उनले बताए । आगामी प्रदेश र स्थानीय तहको निर्वाचनमा पनि रास्वपालाई साथ दिनसमेत उनले आग्रह गरे । महामन्त्री आचार्यले ४ महिनामा ३६ वर्षको बेथिति सुधार्न जादुको छडी नभएको बताए ।

त्यस्तै रास्वपाका केन्द्रीय सदस्य तथा प्रतिनिधि सभा सदस्य सुलभ खरेलले देशमा रहेको बेथिति रोक्न सकिए मात्र देशमा परिवर्तन ल्याउन सकिने बताए । उनले आफूहरुले सरकारको विरोध नभइ जनताको समस्याबारे झकझकाइरहेको जनाए । पार्टीको केन्द्रीय सदस्य तथा प्रतिनिधि सभा सदस्य ज्ञानु पौड्यालले रास्वपा नेतृत्वको सरकारसँग जनताको ठूलो अपेक्षा रहेको बताइन् ।

कार्यक्रममा पार्टीको केन्द्रीय सदस्य कल्पना पाण्डे, लुम्बिनी प्रदेश सभापति शालिकराम घिमिरे, प्रतिनिधि सभा सदस्य डा.लेखजंग थापा, तौफिक अहमद खाँ, मन्जु भुसाल, पुनम अग्रवाल, सुशान्त वैदिक, पूर्व प्रदेश कमिटी सल्लाहकार विनोद खरेल, रुपन्देही जिल्ला अध्यक्ष महेन्द्र प्रसाद उपाध्याय, निवर्तमान जिल्ला अध्यक्ष डा.बुद्धि प्रसाद शर्मा, सचिव ज्ञानेन्द्र पाण्डे बुटवल उपमहानगरपालिका सभापति राजेश्वर पाण्डेलगायतले सम्बोधन गरेका थिए । कार्यक्रममा विभिन्न पार्टी परित्याग गरेका सयौं जनालाई प्रवेश गराइएको थियो ।

युवालाई उद्यममा जोड्दै कर्णाली सरकार

काँक्रेविहार संवाददाता
सुर्खेत, २३ साउन

रोजगारीका पर्याप्त अवसर नहुँदा युवाको विदेश पलायन बढ्दै गएपछि कर्णाली प्रदेश सरकारले युवालाई स्वदेशमै उद्यम तथा व्यवसायमा जोड्ने योजना अघि सारेको छ ।

चालु आर्थिक वर्षदेखि युवा उद्यमशीलता विकास र नवप्रवर्तन प्रवर्द्धनका लागि 'स्टार्टअप फण्ड' र ' बिजनेस इन्क्युवेसन सेन्टर' स्थापना गर्न लागिएको हो ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अनुसार युवा लक्षित उद्यमशीलता कार्यक्रम कार्यान्वयनका लागि चालु आर्थिक वर्षमा चार करोड १० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

कार्यक्रममार्फत युवालाई व्यवसाय सञ्चालनका लागि आवश्यक ज्ञान, सीप, लगानी तथा बजारसम्बन्धी जानकारी उपलब्ध गराउने लक्ष्य राखिएको छ ।

प्रदेश सरकारले युवा उद्यमी तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिले सञ्चालन गर्ने व्यवसायलाई प्रोत्साहन गर्न सहुलियतपूर्ण कर्जाको कार्यक्रमसमेत अघि सारेको छ ।

स्थानीय स्रोत, साधन र सीपको



उपयोग गर्दै रोजगारी सिर्जना गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गर्न लागिएको हो । मन्त्रालयका सूचना अधिकारी महेश नेपालीका अनुसार गत आर्थिक वर्षमा युवा उद्यमशीलता कार्यक्रमका लागि दुई करोड रुपैयाँ बजेट विनियोजन गरिएको थियो । केही काम सुरु भइसकेको र चालु आर्थिक वर्षमा युवा लक्षित कार्यक्रमलाई थप व्यवस्थित रूपमा कार्यान्वयन गर्न लागिएको उनले बताए ।

बिजनेस इन्क्युवेसन सेन्टरमार्फत विद्यार्थी, युवा, उद्यमी तथा व्यवसाय गर्न इच्छुक व्यक्तिलाई व्यवसाय दर्ता, व्यवसाय योजना निर्माण, स्टार्टअप कर्जा, लगानी व्यवस्थापन, बजार विस्तार तथा जोखिम व्यवस्थापनलगायत विषयमा सहजीकरण गरिनेछ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशमा १० वर्ष वा सोभन्दा बढी उमेरका छ लाख ६८ हजार सात सय १५ जनामध्ये ५० हजार दुई सय २८ जना बेरोजगार रहेका छन् ।

रोजगारीका अवसरको अभावसँगै ठूलो संख्यामा युवा विदेशिँदा कर्णालीमा उत्पादन तथा निर्माण क्षेत्रमा श्रमशक्तिको अभावसमेत देखिन थालेको छ ।

प्रदेश सरकारले युवाको ज्ञान, सीप र सिर्जनशीलतालाई स्वदेशमै उपयोग गरी रोजगारी सिर्जना तथा प्रतिभा पलायन रोक्ने उद्देश्यले कार्यक्रम अघि बढाएको जनाएको छ । योजना प्रभावकारी रूपमा कार्यान्वयन भए युवा स्वरोजगारसँगै प्रदेशको उत्पादन र आर्थिक गतिविधि बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

बालअधिकार सचेतना अभियान सञ्चालन

काँक्रेविहार संवाददाता
हुम्ला, २३ साउन

हुम्लामा बालबालिकाको अधिकार, संरक्षण र सहभागिता सम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले बालअधिकार सचेतना कार्यक्रम सञ्चालन गरिने भएको छ ।

बालबालिकाले आफ्ना आधारभूत अधिकारबारे जानकारी पाउने तथा उनीहरूमाथि हुन सक्ने हिंसा, दुर्व्यवहार, शोषण र विभेद न्यूनीकरण गर्ने लक्ष्यसहित जिल्लाका लक्षित विद्यालय तथा समुदायमा कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

किर्डार्क नेपालले गुड नेबर्स इन्टरनेशनल नेपालको प्राविधिक तथा आर्थिक सहयोगमा कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

बालबालिकाको समग्र विकासका लागि शिक्षा, संरक्षण, सहभागिता र सुरक्षित वातावरण आवश्यक भए पनि हुम्लाका कतिपय बालबालिका तथा समुदायमा बालअधिकार सम्बन्धी जानकारी र पहुँच अझै पर्याप्त हुन नसकेको अवस्थालाई मध्यनजर गर्दै कार्यक्रम अघि बढाउन लागिएको हो ।

संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धिले बालबालिकाका लागि सुनिश्चित गरेका अधिकार तथा बाल संरक्षणका संयन्त्रबारे बालबालिका, अभिभावक, शिक्षक र समुदायका सदस्यहरूमा पर्याप्त जानकारी नहुँदा बालअधिकार उल्लङ्घनका विभिन्न घटना हुने जोखिम रहने आयोजकको भनाइ छ ।

विशेषगरी बालविवाह, बालश्रम, हिंसा, दुर्व्यवहार, शोषण, बेवास्ता तथा विभेदजस्ता समस्या रोकथामका लागि परिवार, विद्यालय र समुदायस्तरमै सचेतना आवश्यक रहेको कार्यक्रमको उद्देश्यमा उल्लेख गरिएको छ ।

कार्यक्रममा बालबालिका, अभिभावक, शिक्षक, समुदायका अगुवा तथा अन्य सरोकारवालालाई बालअधिकार, बाल संरक्षण, बाल सुरक्षा, सहभागिता र बालबालिकाको समग्र विकासमा सम्बन्धित पक्षको भूमिका तथा जिम्मेवारीबारे जानकारी गराइनेछ । साथै अन्तरक्रियात्मक छलफल, सचेतनामूलक गतिविधि तथा सहभागितामूलक कार्यक्रममार्फत बालबालिकाप्रति सकारात्मक सोच र व्यवहार विकास गर्ने प्रयास गरिनेछ ।

बालअधिकार उल्लङ्घनका घटना हुन नदिन स्थानीय तह, विद्यालय, परिवार र समुदायबीचको सहकार्यलाई समेत कार्यक्रमले जोड दिने बताइएको छ ।

स्नातक तह अन्तिम नतिजाको ४५ दिनभित्र स्नातकोत्तर तहको भर्ना गरिसक्नुपर्ने

काँक्रेविहार संवाददाता
काठमाडौं, २३ साउन

सरकारले 'उच्च शिक्षाको प्रस्तावित राष्ट्रिय क्यालेन्डर २०८३/०८४' कार्यान्वयनमा ल्याउने निर्णय गरेको छ । शिक्षा तथा खेलकुद मन्त्रालयले विश्वविद्यालय अनुदान आयोगको सिफारिस अनुसार सो परिमार्जित राष्ट्रिय शैक्षिक क्यालेन्डर स्वीकृत गरेको हो ।

कक्षा १२ को नतिजा सार्वजनिक भएको समयलाई मुख्य आधार मानेर तयार पारिएको यस क्यालेन्डरले विश्वविद्यालयहरूमा भर्ना आवेदन, प्रवेश परीक्षा, पठनपाठन, आन्तरिक मूल्याङ्कन, अन्तिम परीक्षा र नतिजा प्रकाशनसम्मका सम्पूर्ण गतिविधिहरूलाई एउटै एकीकृत तालिका र मापदण्डभित्र ल्याउने अपेक्षा गरिएको छ ।

नयाँ स्वीकृत राष्ट्रिय क्यालेन्डर अनुसार स्नातक तहको वार्षिक तथा सेमेस्टर प्रणालीका लागि विस्तृत कार्यतालिका सार्वजनिक गरिएको छ । शैक्षिक सत्र २०८३/०८४ का लागि स्नातक तहको प्रथम सेमेस्टर र वार्षिक प्रणाली दुवैतर्फ विद्यार्थी भर्ना आवेदन असार महिनाबाट सुरु हुनेछ ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)